
# हाइकु पलहरू

(जापान, भारत र नेपाल भ्रमणको समय अनुभव गरिएका १०० पलहरू)




“गोधूलि” दिनेश

**२०७१को जाडोमा**

**तपाई सामु एउटा न्यानो सौगात**

**गोधूलि साँझ -**

**रिक्तता बिर्साउने**

**ती पलहरू ।**

"गोधूलि" दिनेश

फूल फक्रिन्छ
पुरानो बगैँचामा,
यसै वर्षमा !
(१)

हजुरबुबाले
सहस्र चन्द्र हेर्दा,
अँध्यारो किन ?
(२)

तिर्खा लागेछ,
एक्लो उभेको यहाँ
पर्खि बसेछ !
(३)

गाउँ फर्कादा -
पहाड मुस्काउँछ
जादोमा पनि !
(४)

पलाँस फूल -
न त मान्छेलाई
न प्रभुलाई !
(५)

जाडो याममा -
दुलो भित्र छिरेर
भुमिगत छु !
(६)

हिउँदे पानी -
शिखर उज्यालो भो
पानी थामेछ !
(७)

बादल छायो
चुक छर्केको रात -
भिडमा एक्लो !
(८)

पात झर्यो त्याँ
आउन नयाँ पात -
जीवन चक्र !
(९)

पितृ संतुष्टी -
गन्डकी बगरमा
तालुमा आँसु !
(१०)

फागुको दिन
रङ्गिन हल्लाहरू -
मुसो एक्लो म !
(११)

क्याफेरिनामा
फुल काँडाको हांसो -
हिमाल मौन !
(१२)

हावा हुरीमा
बच्चा हुर्कीसकेको
उडेर गयो !
(१३)

शब्दको वर्षा
बेमौसमी फुल झैं -
घण्टको रन्को !
(१४)

सारौँको हूल -
बिस्कुन सुकाएको
एक्लो परेबी !
(१५)

फुङ्ग धुलोमा -
सडक सफा गर्छे
दमाहा गधी !
(१६)

घामको बत्ती -
रिझाउन टुरिस्ट
गिद्ध कुराइ !
(१७)

न्यानो तापेर -
लाग्यो बुद्धिमा घाम
बनायो उल्लु !
(१८)

फोहर पेटीमा -
रसाइदिने घाँटी
मोटी बङ्गुर !
(१९)

घाम चर्किँदा -
ट्राफिक सुरक्षामा
रानी हाँस झै !
**(२०)**

प्रचण्ड गर्मी -
भन्ते नबोली माग्छ
शीतल शान्ति !
(२१)

सर्पको छायाँ -
बिजुली चड्किँदा
भ्यागुतो तर्स्यो !
(२२)

जिर्ण पोखरी -
लामखुट्टेको बास
स्तव्ध छ हावा !
(२३)

तन्केको दिन
साँझ पर्नै गार्हो छ,
सुगा थाकेछ !
(२४)

मुख छोपेर
सूर्य ओरालो लाग्दा,
आतुर खेत !
(२५)

शिव मस्जिद -
अंकमाल गरेर
चैट भएछ !
(२६)

घाम र पानी -
सिसाभित्र राखेको
शैतानी जिब्रो !
(२७)

अस्पतालमा
एक्लो छ यो जीवन -
पानी परेन !
(२८)

बलौटे हुरी -
तारमा झुन्डिएर
मायाको खोजी !
(२९)

मैलो चन्द्रमा -
देखिएन प्रतिमा
चन्द्रमा हेर्दा !
(३०)

विकिरणले
पिल्सिएको जीवन -
ठुटो शरीर !
(३१)

पूर्णताभित्र,
रिक्तता भेट्टाउँदा
स्ंतृप्तता छ !
(३२)

आँखा र जिब्रो,
नाक, कान र छाला
अनि शून्य छ !
(३३)

खाली आकास,
केही नभए जस्तो
संसार नै छ !
(३४)

जंगल भित्र
रुखहरूको माझ -
पात पूर्ण छ !
(३५)

रिक्तताभित्र,
पूर्णता भेट्टाउँदा -
संतृप्तता छ !

**(३६)**

पिन्चे आकास -
पारिजात झरेछ
खोई त प्रभु ?

(३७)

असारे झरी -
कमिलाका लहर
नागको भोटो !

(३८)

भिजेको घाम -
आँखा तरी स्वयम्भू
मागिरहेछ !

(३९)

पानी पर्या छ -
मान्छेले मान्छेलाई
पुजेर तान्दैछ !

(४०)

भिड बजार -
लुगा जुत्ता किन्ने
खल्तिमा प्वाल छ !
(४१)

स्वच्छ आकाश -
चङ्गा चैट गर्ने कि
भुइंमा झार्ने !
(४२)

रित्तो सडक -
तास जुवा खेल्ने कि
स्वास्निको फुली !
(४३)

हरियो बांस -
पिङ मच्चाउने की
अस्पतालैमा !
(४४)

रसिलो घाम -
जिब्रो पो फट्कार्ने कि
बोकाको आंसु !
(४५)

चिसो बिहानी -
विष्णुसहस्र नाम
वानप्रस्थमा !
(४६)

छड्के घाम -
झिलिमिली तारा झैँ
हरियो गङ्गा !
(४७)

सुक्खा बतास
योग योगी र ध्यान -
चिसो बालुवा !
(४८)

गोधूलि साँझ
हनुमान शिलामा -
मस्तराम झैँ !
(४९)

उज्यालो रात
कीर्तन आरतीमा -
शिव आनन्द !
(५०)

नयाँ वर्ष रे -
राता सूर्य उदाए
ओछ्यान चिसै !
(५१)

पन्ना झैं गङ्गा -
निलो आकाश छोप्दै
बिदेशी चरा !
(५२)

चिसो घाममा
घ्यू चाकू र लड्डू -
विरानो देश !
(५३)

हिउँदे झरी
गुफा भित्रका वुद्ध,
सद्चिदानन्द !
(५४)

शिव रात्रीमा -
व्यापार बढ्दो छ,
मस्त छ नागा !
(५५)

पिङ मच्चिँदा
धर्ती फाट्यो, देख्यौ ?
अनुशासित यी ।
(५६)

पिङ मच्चिँदा
सागर उर्ल्यो, देख्यौ ?
स्वाभिमानी यी ।
(५७)

पिङ मच्चिँदा
आगो दन्क्यो, देख्यौ?
शान्तिप्रिय यी ।
(५८)

पिङ मच्चिँदा
विकिरण फैल्यो, देख्यौ?
कर्मनिष्ठ यी।
(५९)

पिङ मच्चिँदा
शून्यता छायो, देख्यौ?
सूर्य मौन छ ।
(६०)

हिउँ सेताम्मै
चुरोटको ठुटो सोर्ने -
दुधे परेबी !
(६१)

गाडी नै गाडी
बाटो देखाउने रे -
खडे बकुल्लो !
(६२)

छेकबार भित्र
आकाश छुने घर -
कुप्रे उल्लु !
(६३)

बाटोको छेउ
कानुन चलाहने -
बिचरी चरी !
(६४)

चिसो बतास
अल्छी मोरीलाई -
कुद्ने खच्चड !
(६५)

स्टेसन बाहिर
भोक मेटाउने रे -
कर्याङ कुरूङ !
(६६)

चिसो छ सूर्य -
आकासाका एकीमा
दौडे कमिला !
(६७)

एसी कोठामा -
जुठो कप ओसार्ने
सारौँ चुप छ !
(६८)

रोपंगी हिल,
अटो र फोटोग्राफ
खडे छ जेब्रा !
(६९)

सिमसिमे छ,
बच्चा खेलाउने रे
तरुनी गाई !
(७०)

आसाकुसामा -
आँखाको तिर्खा मेट्न
उड्ने बकुल्ली !
(७१)

भव्य मौसम -
बोकी तानी घुमाउन
लंगडो घोडा !
(७२)

वैशाखे पानी -
सात दिने साकुरा
उही लोखर्के !
(७३)

माथि हिउँ -
के के न भए जस्तो
कमिले दौड !
(७४)

सुरङ्ग भित्र -
टिकट मिलाउने
ढेडु बिरालो !
(७५)

झिलिमिलीमा,
ईरासाईमासे रे -
योगी जिराफ !
(७६)

अलिक घाम -
आकाश माथि हेर्छ
कर्के भ्यागुतो !
(७७)

चिसो हावामा -
असली गाडी बेच्ने
नक्कली भालु !
(७८)

सुनौलो घाम -
रेखदेखको लागि
सभ्य कुकुर !
(७९)

जाडो उम्किँदा,
बगैँचा गलैँचा झैँ -
ढेड्डु बिरालो !
(८०)

भुइँ तुषारो -
अर्काको धन्दा बोक्दा
सर्पको जुनी !
(८१)

हिले सडकमा
टल्काउँदै छ जुत्ता -
कुप्रे ढुकुर !
(८२)

चिसो बालुवा -
बनाउन बिल्डिङ्ग
गधाको जुनी !
(८३)

सुगन्धी वास्ना -
बढाइदिने धर्म
झम्के पुतली !
(८४)

चिसो भुइँमा -
धर्म भनी माग्ने
चिप्ले कीरा झैँ !
(८५)

मन्दिर छेउ -
बनाउने भाग्य भन्दै
जंगली सुगा !
(८६)

माथि हावामा -
उज्यालो पार्न भनी
परेवा झुन्ड्यो !
(८७)

जाम र टिंटीं -
हतारमा छ सधैं
मुसा झैँ कुद्यो !
(८८)

सडक छेउमा
मेटाउनुमा धीत -
बसेको ब्वाँसो !
(८९)

टुइँक्यायो खै
ठाउँमा पुराउन -
खस्यो चरी !
(९०)

पातै फुलेको
मंसिर महिनामा -
न्यानो घाम छ !
(९१)

तुवाँलो भित्र
स्वयंभू मऔन छ -
घेरावन्दीमा !
(९२)

करेसा बारी
सुनौलो बुध्दमूर्ति -
तोरिको फूल !
(९३)

ल्वाङको माला
कालदेखि तर्सने -
भाई बहिनी !
(९४)

छिमेकी देख्दा
हाँस्नु पर्दो रहेछ -
अँधेरी रातमा !
(९५)

माघको चिसो -
संविधान नबन्दा
वुध्द तात्लान !
(९६)

सिरेटो हावा-
बेमऔसमको फूल
बुढो शरीर !
(९७)

घाम हिऊँमा -
रमणीय कल्पना
शुभ-कामना !
(९८)

हावा हुरीमा -
फूल फुल्दो रहेछ
प्रिति स्वरूप !
(९९)

माटो र बाटो
बिर्से जस्तो यिन्ले -
संविधान खै ?
(१००)